# स्थानीय राजपत्र

पालुङटार नगरपालिकाद्धारा प्रकाशित

खण्ड ०८) पालुङटार, पुष ३० गते, २०८२ साल (संख्या ०५

पालुङटार नगरपालिकाको नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**भाग १**

## पालुङटार नगरपालिका न्यायिक समिति (कार्यविधि सम्बन्धी) (दोस्रो संशोधन), ऐन २०८२

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "पालुङटार नगरपालिका न्यायिक समिति (कार्यविधि सम्बन्धी)( दोस्रो संशोधन), ऐन २०८२" रहेको छ।

(२) यो ऐन तुरुन्त लागू हुनेछ।

२. मूल ऐनको दफा ७४ पछि थप दफा ७४.कः **सेवा सुविधा रोक्का गर्न सक्ने** : (१) न्यायिक समितिबाट मिलापत्र वा निर्णय भएको विवाद उपर सम्बन्धित पक्षले सो बमोजिम कार्यान्वयन गरी पाउ भनी सचिवालयमा निवेदन पेश गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन पेश हुन आएमा मिलापत्र वा निर्णय बमोजिम कार्यान्वयन गर्नको लागि न्यायिक समितिले सेवा सुबिधा रोक्काको लागि पत्राचार गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम सेवा सुबिधा रोक्काको लागि न्यायिक समितिले नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय, अन्य सरकारी कार्यालय, बैंक तथा वित्तीय संस्था लगायत अन्य निकायलाई पत्राचार गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम पत्राचार भएको अवस्थामा सम्बन्धित निकायले न्यायिक समितिबाट भएको मिलापत्र र निर्णय कार्यान्वयन गर्न सहयोग र सहजीकरण गर्नु पर्नेछ।

(५)  यस दफामा उल्लेख भए बमोजिम सम्बन्धित पक्षले मिलापत्र पत्र वा निर्णय बमोजिम कार्यान्वयन गरेको खण्डमा न्यायिक समितिले सेवा सुबिधा फुकुवाको लागि लेखि पठाउने छ।

(६) उपदफा (५) बमोजिम न्यायिक समितिबाट सेवा सुबिधा फुकुवाको लागि लेखि पठाएमा सम्बन्धित पक्षलाई उक्त कार्यलय वा निकायबाट प्रदान गर्ने सेवा सुबिधा उपलब्ध गराउन कुनै बाधा पर्ने छैन।

आज्ञाले,
शेर बहादुर बि.सी
प्रमुख प्रशासकीय अधिकृत